प्रदेश सरकार
# स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश, विराटनगर

**मितिः वि.सं. २०८१/०६/१३**

**विषयः विज्ञप्ति**

केही दिनदेखि प्रदेशको अधिकांश क्षेत्रमा मौसममा बदलाव आई मेघ गर्जन/ चटयाङ हावाहुरी सहितको वर्षाका कारणले निम्ताएको प्राकृतिक प्रकोपले गर्दा जनसमुदायको स्वास्थ्यमा प्रतिकुल प्रभाव परिरहेको र भविष्यमा थप जटिलता आउन सक्ने भएकोले सबै स्वास्थ्य संस्था र सम्बन्धित सरोकारवालाहरुलाई सतर्क रही तपसिल बमोजिमको कार्य गर्न गराउनुहुन यो विज्ञप्ति जारी गरिएको छ।

**तपसिलः**

क) अस्पताल र स्वास्थ्य संस्थाहरूले यस विपदबाट उद्दार गरिएका घाइते विरामीहरुको निःशुल्क उपचार गर्ने तथा तयारी अवस्थामा रहनुहुन सावधानी गराउन।

ख) प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र, कोशीले आपतकालीन अवस्थामा स्वास्थ्य सम्बन्धी समस्याको बारेमा जानकारी प्रदान गर्नका लागि २४ सै घण्टा उपलब्ध हुने हटलाइन नं सार्वजनिक गर्न।

ग) प्रदेश, जिल्ला र स्थानीय तहका द्रुत प्रतिकार्य टोलीलाई तयारी अवस्थामा राख्न।

घ) प्रादेशिक स्वास्थ्य आपतकालीन केन्द्रले हब तथा स्याटेलाइट अस्पतालहरुसंग समन्वय गरी आकस्मिक चिकित्सकीय समुहहरुलाई तयारी अवस्थामा राख्नुहुन।

ङ) हब तथा स्याटेलाइट अस्पताल सञ्जालहरुले अस्पताल विपद्पुर्व तयारी तथा प्रतिकार्य योजना अनुसार प्रतिक्रिया गर्न गराउनहुन।

च) प्रादेशिक स्वास्थ्य आपतकालीन केन्द्रले स्वास्थ्यका साझेदार निकायहरुसंग समन्वय गर्नुहुन र श्रोतसाधनहरुको अध्यावधिक गर्न गराउनुहुन।

छ) स्वास्थ्य संस्थाबाट प्रदान गरिने आकस्मिक सेवा र जनशक्तिलाई २४ सै घन्टा उपलब्ध हुनेगरी व्यवस्था मिलाउन।

ज) आपतकालीन अवस्थामा स्वास्थ्य सम्बन्धी कुनै समस्याको बारेमा जानकारी आवश्यक परेमा कल सेन्टरको हटलाइन नं ११५ मा सम्पर्क गर्न।

झ) आपतकालीन अवस्था आइपरी स्वास्थ्य संस्था जानुपरेमा तालिम प्राप्त एम्बुलेन्स चालक र स्वास्थ्यकर्मी सहितको एम्बुलेन्सको हटलाइन नं १०२ मा सम्पर्क गर्ने। प्रादेशिक प्रेषण केन्द्र (Ambulance Dispatch Center) लाइ सजग र क्रियाशील रहन ।

ञ) सम्पूर्ण साझेदार संस्थाहरु लाइ उचित सहयोग र समन्वय को लागि तयारी अवस्थामा रहनुहुन।

ट) प्राकृतिक विपद्को बेला पानी प्रदुषित भई निम्त्याउन सक्ने पानीजन्य रोगहरु (जस्तै; झाडापखाला, हैजा आदि) तथा कीटजन्य रोगहरु (जस्तै; डेंगी, मलेरिया आदि) पनि बढ्न सक्ने हुनाले सबै सरोकारवालाले सोको बारेमा सतर्कता अपनाउन हुन र लक्षण देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा सम्पर्क गर्न।

ठ) स्वास्थ्य कार्यालयहरूले महामारी रोकथाम तथा नियन्त्रण, जोखिम सञ्चार र उचित समन्वयमा ध्यान दिन।

ड) प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, कोशी ले स्वास्थ्य उपकरणहरू र आपूर्तिहरू अद्यावधिक र तयारी अवस्थामा राख्न।

ढ) प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रले सुचना सम्प्रेषण तथा सम्बन्धी निकायहरु संग समन्वय गर्न।

ण) प्रदेश जनस्वास्थ्य प्रयोगशाला, कोशीले रोगको प्रकोप परेका खण्डमा परीक्षण र नमूना संकलन तथा ढुवानीका लागि तयार रहन हुन।

यस विपद्को घडीमा प्रभावित नागरिकहरुको उद्धार तथा स्वास्थ्य उपचारमा सहयोग पुगोस् भन्ने उद्देश्यले यस मन्त्रालयमा जनस्वास्थ्य सुरक्षाको व्यवस्थापनका लागि सम्बन्धित स्वास्थ्य कार्यालयहरु प्रदेश सम्बन्धित स्वास्थ्य निकायहरुमार्फत स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्रहरुले समन्वयको व्यवस्था गरिरहेको जानकारी गराउँदै सबैमा सुरक्षित रहन अनुरोध गर्दछौं।

डा. सुरेश मेहता
प्रवक्ता, स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश